# रिब्दीकोट गाँउपालिकाको आर्थिक ऐन

## रिब्दीकोट गाँउपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधयक

कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ उपधारा (२) बमोजिम रिब्दीकोट गाँउसभाले यो ऐन बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "आर्थिक ऐन २०७८" रहेको छ ।

यो ऐन २०७८ साल श्रावण १ गते देखि रिब्दीकोट गाँउ क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्तिकरः** गाँउपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाईने र अशुल उपर गरिनेछ ।

**३. भुमिकर (मालपोत)ः** गाँउपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम जग्गा रजिष्ट्रेशन बापको दस्तुर प्रदेश कानुन बमोजिम बाँडफाँड हुनेगरी प्राप्त हुने छ ।

**४. व्यवसाय करः** गाँउपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूजिगत लगानि र आर्थिक कारोवारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाईने र अशुल गरिनेछ ।

**५.जडिबुटि कवाडी र जीवजन्तु करः** गाँउपालिका क्षेत्र भित्र कुनै व्याक्ति वा सस्थाले उन, खोटो, जडिबुटी, बनकस कवाडी माल र प्रचलित कानुनले निषृध गरिएको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड, सिङ्ग, प्वाख छाला जस्ता बस्तुको कारोवार गरे बापत अनुसूचि (५) बमोजिमको कर लगाईने र अशुल गरिने छ ।

**६. विज्ञापन करः** गाँउपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाईने र अशुल उपर गरिनेछ । अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

**७. बहाल विरौटी करः** गाँउपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विरौटी शुल्क लगाईने र असुल उपर गरिने छ ।

**८. पार्किङ शुल्कः** गाँउपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाईने र अशुल उपर गरिनेछ ।

**९.ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाँउपालिकाले आफ्नो क्षेत्र भित्र कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र ऱ्याफ्टीङ्ग सेवा व्यवसाय सञ्चालन गरे बापत अनुसूचि (८) बमोजिमको शुल्क ललगाईने र असुल उपर गरिने छ ।

**१०. सेवा शुल्क दस्तुर**ः गाँउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१०) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राही बाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**११. पर्यटन शुल्क :** गाँउपालिका आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (११) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र अशुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यबस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१२. कर छुटः** यस ऐन बमोजिम कर छुट भएका व्याक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१३. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १

### सम्पत्ति कर

रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र सम्पति कर लागु गर्ने सम्बन्धमा मालपोत तथा संरचना समेत समाहित गरिनेछ। दररेटका सम्बन्धमा सम्पत्ति कर समितिले प्रस्ताव गरेको दररेट कार्यपालिका बाट समेत पारित गरी गाउँसभाबाट पारित गर्नका लागि पेश गरेको छु ।

सम्पत्ति करको दर देहाय बमोजिम हुने गरी कार्यपालिकामा पेश गरिनेछ ।

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर<br>(कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ (रु १००) |
| पन्ध्र लाख रुपैयाँसम्म | प्रति लाख (रु अठार) |
| पन्ध्र लाख देखि पच्चिस लाख रुपैयाँसम्म | प्रति लाख (रु एक्काइस) |
| पच्चिस लाख देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख (रु चौविस) |
| पचास लाख रुपैयाँदेखि पचहत्तर लाख रुपयाँसम्मै | प्रति लाख (रु सत्ताइस) |
| पचहत्तर लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | प्रति लाख (रु उनन्तिस) |
| एक करोड भन्दा माथि | प्रति लाख (रु एकतिस) |

सम्पत्ति करबाट आ.व. ०७८।८९ मा रु. ७ लाख आम्दानी हुने अनुमान गरिएको छ ।

सम्पत्तिकर बुझाएको रसिदको प्रतिलिपी लिनु परेमा रु. ५० लाग्नेछ ।

# अनुसूची २

## मालपोत कर

जिल्ला मालपोत कार्यालय मार्फत गाउँपालिकालाई प्राप्त हुने जग्गा रजिस्ट्रेशन बापतको दस्तुर बाट आ.व. ०७८।८९ मा रु. ८ लाख आम्दानी हुने अनुमान गरिएको छ।

# अनुसूची ३

## घर बहाल कर

| क.सं | विवरण | करको दर |
|---|---|---|
| १. | संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिएबापत | १० % |
| २. | अन्य प्रयोजनको लागि | |

घर बहाल कर बाफत आ.व. ०७८।८९ मा रु. २ लाख आम्दानी हुने अनुमान गरिएको छ।

# अनुसूची ४

## व्यवसाय करको दर

| क्र.सं | विवरण | करको श्रेणी (क) | करको श्रेणी (ख) |
|---|---|---|---|
| १ | होटल, लज एवं साधारण होटल | ५०० | ३०० |
| २ | रेष्टुरेण्ट (मःम, तास, सेकुवाआदि) | ५०० | २०० |
| ३ | मिठाई पसल | ५०० | २०० |
| ४ | कपडा पसल (थोक एवं खुद्रा) | ८०० | ५०० |
| ५ | फेन्सी पसल | ८०० | ५०० |
| ६ | विविध श्रृङ्गार पसल (थोक/खुद्रा/कस्मेटिक) | ५०० | २०० |
| ७ | उनी धागो पसल | ५०० | १०० |
| ८ | जुत्ता चप्पल पसल | ५०० | २०० |
| ९ | निर्माण सामाग्री | १००० | ५०० |
| १० | खाद्यान्न, किराना डिलर/खुद्रा | ५०० | ३०० |
| ११ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | ५०० | ३०० |
| १२ | पुस्तक तथा पत्रिका पसल | ५०० | ३०० |
| १३ | छापाखाना | ५०० | २०० |
| १४ | आर्ट | ५०० | ३०० |
| १५ | फोटो स्टुडियो | ५०० | २०० |
| १६ | रोट पकाउने | ५०० | |
| १७ | पुजा सामग्री | ५०० | |
| १८ | रोट पकाउने तथा पुजा सामाग्री संयुक्त | ५०० | |
| १९ | केवल नेटवर्क | २००० | |
| २० | टि.भी., घडी रेडियो, मोवाईल बिक्री/मर्मत | ५०० | २०० |

| | | | |
|---|---|---|---|
| २१ | पंखा तथा स्टोभ मर्मत | ५०० | |
| २२ | साइकल बिक्री तथा मर्मत | ५०० | |
| २३ | मोटरसाइकल, मोटर पार्टस/वर्कसप | २००० | |
| २४ | ड्राइभिङ्ग इन्स्टिच्यूट | १००० | |
| २५ | टायर मर्मत | ५०० | |
| २६ | ग्रिल उद्योग | १५०० | |
| २७ | कवाडी सामानको थोक बिक्रेता | | ५०० |
| २८ | टेण्ट हाउस | ५०० | |
| २९ | लाउण्डी पसल | ५०० | |
| ३० | मादल पसल | ५०० | |
| ३१ | गोवर ग्यांस निर्माण कम्पनी | १००० | |
| ३२ | पाउरोटी भण्डार | १००० | |
| ३३ | वित्तीय संस्था/सहकारी संस्था, | | कृषी तथा दुग्ध सहकारी गाउगाउमा क्रियाशील विभिन्न आर्थिक कारोवार गर्ने समूहलाई वडा कार्यालय मार्फत गाउपालिकामा दर्ता गर्न अभिप्रेरित गर्नेगरी दर्ता शुल्क रु. ५०० |
| ३४ | कलर ल्याब | ५०० | |
| ३५ | निजी अस्पताल/औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भएपछि मात्र) | ५०० | २५० नविकरण |
| ३६ | पशु औषधी पसल(औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भएपछि मात्र) | ५०० | |
| ३७ | पोलिक्लिनिक(औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भएपछि मात्र) | २००० | |
| ३८ | बीज भण्डाार | ५०० | |
| ३९ | रंगरोगन तथा इलेक्ट्रिक सामान थोक बिक्री | १००० | |
| ४० | फर्निचर (स्टील, मेटल)उद्योग (विधिवत दर्ता पछि) | १०० | |

| | | | |
|---|---|---|---|
| ४१ | फर्निचर (स्टील, मेटल) पसल | ५०० | |
| ४२ | मिल | २०० | १०० (सिंगल फेज) |
| ४३ | सुनचांदी पसल | १००० | |
| ४४ | आइसक्रिम उद्योग तथा पसल | २०० | |
| ४५ | कपडा सिलाई (प्रति मिशिन रु.७५) | २०० | |
| ४६ | हेयर कटिङ्ग | २०० | |
| ४७ | ल फर्म, लेखापढी व्यवसाय | ५०० | |
| ४८ | बोडिङ्ग स्कूल मा.वि. र आधारभुत विद्यालय | ३००० | २०००। |
| ४९ | निर्माण व्यवसायी घ | २५००० नया दर्ता | ३००० नविकरण |
| ५० | आयल पम्प | २००० | १५००। |
| ५१ | कुरियर, फयाक्स, कम्प्यूटर र टेलिफोन | ३०० | २००। |
| ५२ | उद्योग (कृषिसम्बन्धी नियमानुसार छटु हुने) | ७०० | ५००। |
| ५३ | सपिङ्ग सेन्टर | १००० | ८०० |
| ५४ | तरकारी पसल (होलसेल पसल ५००) | २०० | १५०। |
| ५५ | चश्मा पसल | ५०० | ३००। |
| ५६ | दांत बनाउने पसल | ५०० | ३००। |
| ५७ | मासु पसल | ५०० | २००। |
| ५८ | नर्सरी र फलफूलका विरुवा बिक्रीवितरण | ५०० | २००। |
| ५९ | माटोको भाडा बनाउने | ३०० | २००। |
| ६० | टेक्निकल इन्स्टिीच्यूट | २००० | १५००। |
| ६१ | कन्सल्टन्सी फर्म (इनजीनियर र ओ.सी.) | ३००० | |
| ६२ | ज्योतिष | ३०० | २००। |
| ६३ | अडिटर फर्म (क ख ग घ) | १००० | ५००। |
| ६४ | सिलाइ, बुनाई, पेन्टिङ्ग कटिङ्ग प्रशिक्षण | ४०० | ३००। |

| | | | |
|---|---|---|---|
| ६५ | ल्याब (परिक्षण) | ५०० | ३००। |
| ६६ | पुलवोर्ड | ४०० | ४०० |
| ६७ | वालुवा ढुगा, गिट्टि निकासी | टेक्टर ३००<br>टक टिप्पर ९०० | ० |
| ६८ | रेमिटेन्स सेवा (राष्ट्र बैंकको प्रक्रिया पुरा भएपछि) | १००० | ० |
| ६९ | कटिङ्ग ढुंगा | १००० | ६०० |
| ७० | खरि खानी | २००० | |
| ७१ | कसर उद्योग | २०००० | १०००० |
| ७२ | व्लक उद्योग | २००० | १००० |
| ७३ | फलफूल पसल | ५०० | |
| ७४ | ग्यास (नियमानुसार अनुमति भएका) | ५०० | |
| ७५ | कूखूरा फर्म, वंगुर फर्मलगायत कृषि फर्म दर्ता | ५०० | |
| ७६ | सहकारी सस्थाहरु व्यावसाय कर वापत | ५००। | |
| ७७ | बैंक काउण्टर व्यावसाय कर | ५०००। | |
| ७८ | बैंक शाखा कार्यालय व्यबसाय कर | १००००। | |
| ७९ | लघुवित्त सस्था व्यबसाय कर | २५००। | |
| ८० | होम स्टे दर्ता | २०००। | |
| ८१ | खोटो निकासी कर (प्रति कि.जी.) | ५० पैसा | |

**व्यवसायको किसिम**

ख वर्गको व्यवसाय : रु २० लाख सम्म को पुंजी लगानी गरिएको ।

क वर्गको व्यवसाय : रु २० लाख १ रुपैयांभन्दा बढी पुंजी लगानी गरिएको ।

व्यवसाय कर संकलन कार्यविधि तयार गर्न गाउंकार्यपालिकालाई निर्देशन दिने गर्ने निर्णय गरियो ।

सम्पुर्ण खालका व्यवसायहरुको नविकरण शुल्क दर्ता शुल्को ५०% हुनेछ। व्यवसाय नविकरणबाट आ.व. ०७८।८९ मा रु. २ लाख आम्दानी हुने अनुमान गरिएको छ।

## अनुसूची ५

## कवाडी कर

कवाडी कर बापत आ.व. ०७८।८९ मा रु. १ लाख आम्दानी हुने अनुमान गरिएको छ।

## अनुसूची ६

### विज्ञापन कर (आयमुलक कार्य)

| क्र.स | विवरण | शिर्षक | कर,दस्तर,शूल्क (रू.) |
|---|---|---|---|
| १ | विज्ञापन दर | साइनवोर्ड ग्लोवोर्ड, स्टल आदिमा ३५ वर्गफुट भन्दा माथि | ८००। |
| | | साइनवोर्ड, ग्लोवोर्ड स्टल आदिमा ३५ वर्गफुट सम्म | ५००। |
| | | तुल व्यानर एक हप्ताको लागि | ५०। |
| | | तुल व्यानर एक हप्ता भन्दा बढी | १००। |
| | | | |

माथिका शिर्षकहरुबाट आ.व. ०७८।८९ मा ५ हजार राजस्व उठ्ने अनुमान गरिएको छ।

## अनुसूची ७

**बहाल विटौरी कर**

घुमफिर गरी सामान बेचविखन गर्नेलाई प्रतिमहिना रु. १०० दरले कर तिर्नु पर्दछ।

यस शिर्षकबाट आ.व. ०७८।८९ मा रु. ३ हजार आम्दानी हुने अनुमान गरिएको छ।

## अनुसूची ८

**पार्किङ्ग शुल्क**

| | |
|---|---|
| सवारी पार्किङ शुल्क (भैरवस्थान मन्दिर परिसर क्षेत्रमा) | मोटरसाईकल रु. १०,<br>कार, जिप, भ्यान रु. ३०,<br>बस, ट्रक रु. ८० का दरले<br>लाग्ने छ। |

उक्त पार्किङ्ग स्थल प्रयोग, उपयोग र व्यवस्थापन गर्ने र प्रतिफलको हिस्सेदारी यस अघि जग्गा धनीसंग भएको सम्झौता अनुरुप गाउँपालिकाले गरेको निर्णय अनुरुप हुनेछ। यि शिर्षकहरुबाट रु. ५ हजार आम्दानी हुने अनुमान गरिएको छ।

## अनुसूची ९

ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग

यस सम्बन्धी कर प्रचलित नियम अनुसार असुल गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

# अनुसूची १०

## १. सेवा शुल्क दस्तुर

| सि.न | कर सुचि | विवरण | सेवाशूल्क, दस्तुर (रु.) |
|---|---|---|---|
| १ | नाता प्रमाणित | अंग्रेजी | ५००। |
| | | नेपाली | २५०। |
| २ | राहदानी सिफारिस | | २००। |
| ३ | जग्गा प्रशासन<br>क) नामसारी | नामसारी | ३००। |
| | | नमसारी मुचुल्का | ३००। |
| | जग्गा प्रशासन : ख) घरवाटो<br>सिफारिस(प्रति कित्ता)<br>थप कित्ताको लागि पक्की सडकमा पर्ने रु ५० प्रति कित्ता र कच्ची सडक रु ३० प्रति कित्ता थप दस्तूर लाग्नेछ। | साधारणः ३००। | |
| | | कालोपत्रे सडकले छोएका जग्गाहरु<br>अन्य पक्की मार्ग | ३००। |
| | | वाटो नभएको | ५०। |
| ४ | पति पत्नीको सम्बन्ध बिच्छदको सिफारिस | | २००। |
| ५ | पेन्सनकार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | ५००। |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | |
| ७ | भरतीय पेन्सन पारिवारिक विवण र अन्य सिफारिस | | |
| ८ | भारतीय पेन्सन सिफारिसका लागि | | |
| ९ | नेपालको पेन्सन पारिवारिक विवरण र अन्य सिफारिस | | |
| १० | वृटिश पेन्शन पारिवारिक विवरण सिफारिस | | |
| ११ | संघ संस्था | दर्ता सम्बन्धी सिफारिस | |

| | | | |
|---|---|---|---|
| | | नविकरण सम्बन्धी सिफारिस | |
| | | आधारभुत १ देखि ८ सम्म | |
| | | मा.वि. | |
| | | स्नातक वा सा भन्दा बढी | |
| | | प्राविधिक शिक्षा सिफारिस | ३००० |
| १२ | काठ दाउराको सिफारिस | प्रतिगाडी (६ चक्के) | ५०० |
| | | प्रतिगाडी (१० देखि १२ चक्के) | १००० |
| | | टयाक्टर | २५० |
| १३ | अंग्रेजी रुपान्तर | जन्म दर्ता ठगाना परिवर्तन वाहेक | ५०० |
| १४ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | | १५० |
| १५ | नावालक परिचय पत्र (सिफारिस) | | १५० |
| १६ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | १५० |
| १७ | नाम छुटको सिफारिस | | १५० |
| १८ | व्यक्तिगत घटना ३५ दिनपछि | | २०० |
| १९ | नागरिकताको सर्जिमिन मूचुल्का | | ३०० |
| २० | क. चारकिल्ला बाटोमा नपर्ने (१ कित्ता) | साधारण बाटोमा नपर्ने | ३०० |
| | ख. चारकिल्ला प्रमाणित बाटोमा पर्ने (१ कित्ता) | कच्चि सडकले छोएको जग्गा रु | ४०० |
| | | पक्की बाटोले छोएको जग्गाहरु | ५०० |

| | | | |
|---|---|---|---|
| | ग थप प्रतिकित्ता | पक्की बाटोमा पर्ने | ५० |
| | ३ थप प्रतिकित्ता | कच्ची बाटोमा पर्ने | २५ |
| २१ | | पक्की घरसहित जग्गाको ४ किल्ला सिफारिस गर्दा थप | २०० |
| २२ | सनाखतको सिफारिस | | २०० |
| २३ | जन्म मृत्यु सम्बन्धी सिफारिस | अंग्रेजी | २०० |
| | | नेपाली | १०० |
| | | प्रमाणित शूल्क | १०० |
| २४ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | २०० |
| २५ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | | २०० |
| २६ | सर्जमिन शुल्क | | ३०० |
| २७ | अमिन शुल्क | १ कित्ता ( जोडिएको प्रति कित्ता थप रु. २००।) | १५० |
| २८ | अविवाहित प्रमाणित | नेपाली | ३०० |
| | | अग्रेजी | ५०० |
| २९ | वसाइसाइ | | ३०० |
| ३० | | चारित्रिक सिफारिस वैदेशिक प्रयोजनका लागि | ४०० |
| ३१ | | चारित्रिक सिफारिस स्वदेशी प्रयोजनका लागि | ३०० |
| ३२ | | चारित्रिक सिफारिस विद्यार्थीका लागि ५० प्रतिश छुट | |
| ३३ | | जनजाती र दलित प्रमाणित | १५० |

| | | | |
|---|---|---|---|
| ३४ | विद्युत जडान सम्बन्धी सिफारिस स्तर अनुसार | १) सामान्य<br>कच्ची घर<br>पक्की घर | <br>३००<br>४०० |
| | | २) व्यवसायिक | ५०० |
| | | ३) थ्रिफेज | १००० |
| ३५ | टेलिफोन जडान सम्बन्धी सिफारिस | | १५० |
| ३६ | निजी धारा जडान सम्बन्धी सिफारिस | | १५० |
| ३७ | विद्युत, टलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस आर.सी.सी.पक्की घर अन्य घर | पक्की घर<br>कच्ची घर | ४००<br>३०० |
| ३८ | उद्योग स्थापना सिफारिस | ठुलो उद्योग | २००० |
| | | मझौला उद्योग | १००० |
| | | साना उद्योग | ५०० |
| ३९ | छात्रवृत्ति सम्बन्धी सिफारिस | | निशुल्क |
| ४० | स्थायी वसोवास सिफारिस | | १५० |
| ४१ | न्यायिक कार्यका लागि निवेदन दस्तुर | | ५० |
| ४२ | नक्कल (न्यायिक निर्णयको हकमा) | | प्रतिपाना रु. १० |
| ४३ | व्याक्तिगत घटना दर्ताको प्रतिलिपि | | ५०० |
| ४४ | व्याक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | | २०० |

## २. अन्य सिफारिस, दस्तूर

| सि.न | कर सुचि | विवरण | कर,दस्तूर,शूल्क (रु.) |
|---|---|---|---|
| १ | निवेदन फाराम तथा अनुसुचि फाराम (प्रति पाना) | | १० |
| ३ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | | २०० |
| | अन्य मूचुल्का | | ३०० |
| ४ | निवेदन दर्ता शुल्क | | ० |
| ५ | भवन निर्माण दरखास्त फाराम | | कच्ची १००, पक्की ५०० (भुकम्प पिडितलाई निशुल्क) |
| ६ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | नियमानुसार | ५०० |
| ७ | कोटशन फाराम शुल्क | आर्थिक नियमानुसार | ३००० |
| ८ | टेण्डर फाराम शुल्क | आर्थिक नियमानुसार | १००० |
| | | आर्थिक नियमानुसार | ३००० |
| ९ | निवेदन नक्कल प्रति पाना | आफैले सार्दा | १० |
| | | कार्यालयले सार्दा | २० |
| १० | घरपालुवा कुकुर | दर्ता र नवीकरण | १०० |
| ११ | घर निर्माण नक्साको नक्कल दस्तूर | कार्यालयबाट सार्दा एक तला | १५ |
| | | सोभन्दा माथि प्रति तल्ला | ५ |
| | | आफै सार्दा एक तला | १० |
| | | प्रति तला थप | ५ |
| १२ | मिलापत्र दस्तूर प्रति पक्ष | | १०० |

नोटः दीन दुःखीहरुको हकमा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष , कार्यकारी अधिकृत, वडा अध्यक्षको तोक आदेश अनुसार निशुल्क सेवा प्रदान गर्न सकिने छ ।

माथिका सबै शिर्षकबाट आ.व. ०७८।८९ मा समग्रमा ५ लाख आम्दानी हुने अनुमान गरिएको छ ।

## ३. हैसियत प्रमाणित

| सि.न | कर सुचि | विवरण | कर,दस्तूर,शूल्क (रु.) |
|---|---|---|---|
| १ | ऋण र वैदेशिक रोजगारका लागि मुल्याङकन | रु.१० लाख सम्म | १,००० |
| | | रु.२० लाख सम्म | १,५०० |
| | | रु.३० लाख सम्म | २,००० |
| | | रु.४० लाख सम्म | २५,०० |
| | | रु.५० लाख सम्म | ३,००० |
| | | रु.५० लाखभन्दा बढीमा प्रति १० लाख | ५०० |
| २ | बाषिक आम्दानी (ऋण लिन र वैदेशिक रोजगार ) | रु.५ लाख सम्म | १,००० |
| | | रु.१० लाख सम्म | १,५०० |
| | | रु.२० लाख सम्म | २५०० |
| | | रु.३० लाख सम्म | ३५,०० |
| | | रु.४० लाख सम्म | ४५०० |
| | | रु.४० लाखभन्दा बढीमा प्रति ५ लाख | ५०० |

(क) सम्पत्ति मूल्याङ्कन र बार्षिक आम्दानी दुवै गराउनेलाई बढी दस्तुर हुन आउने एकमात्र असुल गर्ने ।

माथिका सबै शिर्षकहरुवाट आ.व. ०७८।८९ मा ५० हजार आम्दानी हुने अनुमान गरिएको छ ।

(ख) गाउँपालिकाले तत्काल धितो मुल्यांकन गरेको सिफारिसको पूनः नवीकरण गर्नूपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोको लागि लाग्ने दस्तुरको १० प्रतिशत थप राजश्व लाग्नेछ ।

## ४. व्यवसाय दर्ता तथा इजाजत दस्तुर

| क्र.सं | विवरण | | कर,दस्तूर,शूल्क (रु.) |
|---|---|---|---|
| क. | व्यवसाय दर्ता तथा ईजाजत दस्तुर | | |
| | २० लाख सम्म | | ५०० |
| | २० लाख देखि ५० लाख सम्म क | | १००० |
| | ५० लाख भन्दा बढी | | १५०० |

| | |
|---|---|
| टावर (टलिफोन, मोइवाल) प्रतिटावर | १०००० |

माथिका शिर्षकबाट आ.व. ०७८।८९ मा रु. १ लाख राजस्व आम्दानी हुने अनुमान गरिएको छ।

## ५. संरचना निर्माण

| सि.नं. | भौतिक संरचनाको विवरण | करको दर (प्रति व.फी.) ने.रु.मा | | |
|---|---|---|---|---|
| | | नक्सापास क्षेत्र | | |
| | | क | ख | ग |
| १. | आर. सी. सी. फ्रेम स्टक्चर | | | |
| क) | पूर्ण भुमिगत तला | २.०० | १.५० | १.०० |
| ख) | अर्ध भुमिगत तला | ४.०० | ३.५० | ३.०० |
| ग) | जमिन तला | ४.०० | ३.५० | १.५० |
| घ) | पहिलो तला | ४.२५ | ३.७५ | १.५० |
| ङ) | दोश्रो तला | ४.५० | ४.०० | १.७५ |
| च) | तेश्रो तला | ४.७५ | ४.२५ | २.०० |
| छ) | चौथो तला | ५.०० | ४.५० | २.५० |
| ज) | पाचौ तल्ला वा सो भन्दा माथि सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) | १०.०० | ८.०० | ३.०० |
| २. | आर.सी.सी. टायल जस्तापाता छाना | ३.५० | २.५० | ०.५० |

| | | | | |
|---|---|---|---|---|
| ३. | जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्तापाताछाना | ३.२५ | २.२५ | ०.३० |
| ४. | माटाको जाडाईमा इटा वा ढुंगाको | ३.०० | २.०० | ०.५० |

**६. घर नक्सापास दस्तुर**

अ) पुराना घरहरु सुचिकृत गर्दा पुरानो पक्की घरको रु ५००। र कच्चि घरको रु,३००। दस्तुर कायम गर्ने ।

आ) पिच सडकमा पर्ने पक्की घरको सूचिकृत गर्दा रु.१५००। र कच्चि घरको १०००। दस्तुर कायम गर्ने ।

इ) बाकी कार्यहरुको हकमा गाउकार्यपालिकाले तोके बमोजिम हुन सिफारिस गरिन्छ ।

माथिका शिर्षकबाट आ.व. ०७८।८९ मा ३ लाख राजस्व आम्दानी हुने अनुमान गरिएको छ ।

## अनुसूची ११

### पर्यटन शुल्क

पर्यटकीय सम्भाव्यता भएका स्थानहरुको पहिचान गरी आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी पर्यटन शुल्क तोक्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

विशेष परिस्थितिमा उल्लेखित कर/शुल्क/दस्तुर आदिका दरहरुमा कार्यान्वयनको समयमा समस्या पर्न आएमा आगामी गाउंसभाबाट अनुमोदन गराउने गरी गाउँकार्यपालिकालाई कर/शुल्क/दस्तुर आदिका कर, सेवा शुल्कहरुमा आवश्यकता अनुसार हरफेर गर्न सकिने अधिकार हस्तान्तरण गर्ने निर्णय गरियो ।

सडकको मापदण्डको हकमा प्राविधिकहरुले अध्ययन गरी तयार गरेको प्रतिवेदनका आधारमा ४ महिना भित्र बाटोको मापदण्ड तोकि सभाबाट अनुमोदन गराई लागु गराइने छ ।

## अनुसूची १२

### विविध

- प्राविधिकहरुका Office attachment बाट रु. १ लाख आम्दानी हुने अनुमान गरिएको छ ।

  वातावरण शुल्क वापत रु. १२ लाख राजश्व आम्दानी हुने अनुमान गरिएको छ । वातावरण शुल्क बापत गाँउपालिकाले तोकेको कम्पनीले प्रति महिना रु. ५० हजार शुल्क बुझाउनु पर्नेछ ।

  यस गाउँपालिका क्षेत्र भित्र निर्माणको कार्य गर्न प्रयोग हुने जे. सी. बि. तथा चेन डोजरहरु यस गाउँपालिकामा अनिवार्य सूचिकृत गराउने । सूचिकृत दस्तुर देहाय बमोजिम कायम हुनेछ ।

- चेन डोजर प्रति बर्षको रु. २०,०००।
- जे. सी. बि. प्रति बर्षको रु. १५,०००।

## आ.व. २०७८/७९ मा कर, शुल्क, दस्तुर बाट प्राप्त हुने अनुमानित आय विवरण

| क्र.सं. | विवरण | प्राप्त हुने अनुमानित आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ति कर | १५ लाख | |
| २ | घर बहाल कर | २ लाख | |
| ३ | कवाडी कर | १ लाख | |
| ४ | विज्ञापन कर | ५ हजार | |
| ५ | बहाल विरौटी कर | ३ हजार | |
| ६ | अन्य प्र (व्यवसाय दर्ता/ नविकरण शुल्क) | ३ लाख | |
| ७ | पार्किङ शुल्क | ५ हजार | |
| ८ | सिफारिस दस्तुर/अन्य दस्तुर | ८ लाख | |
| ९ | हैसियत प्रमाणित दस्तुर , प्राविधिकहरुका Office attachment, अन्य कर | १ लाख | |
| १० | व्याक्तिगत घटना दर्ता दस्तुर | ५ लाख | |
| ११ | वातावरणीय प्रदुषण शुल्क | १२ लाख | |
| १२ | अन्य बिक्रि बाट प्राप्त हुने रकम | १ लाख | |
| १३ | परिक्षा शुल्क | ६० लाख | |
| १४ | घर नक्सा पास दस्तुर | ३ लाख | |
| | जम्मा रु. | ५१ लाख ७३ हजार | |